बैठक संख्याः- १६

आज मिति २०७९ साल आश्विन ०६ गते बिहिबारका दिन बिर्तामोड नगरपालिकाको कार्यपालिका बैठक नगर प्रमुख श्री पवित्रादेवी महतारा प्रसाईज्यूको अध्यक्षतामा बसि निम्न बमोजिमको उपस्थितिमा निम्न विषयमा छलफल गरी निम्न निणर्यहरु गरियो ।

उपस्थिती

| सि.नं | पद | नाम, थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री पवित्रादेवी महतारा प्रसाई | |
| २ | नगर उप-प्रमुख | श्री नगेन्द्र प्रसाद संग्रौला | |
| ३ | १ नं. वडा अध्यक्ष | श्री अग्नी प्रसाद पाण्डे | |
| ४ | २ नं. वडा अध्यक्ष | श्री किशोर कुमार पौडेल | |
| ५ | ३ नं. वडा अध्यक्ष | श्री मदन बुढाथोकी | |
| ६ | ४ नं.वडा अध्यक्ष | श्री राहुल कुमार शर्मा | |
| ७ | ५ नं. वडा अध्यक्ष | श्री रोहित प्रसाई | |
| ८ | ६ नं. वडा अध्यक्ष | श्री सुर्य प्रसाद कन्दङ्वा | |
| ९ | ७ नं. वडा अध्यक्ष | श्री कृष्ण प्रसाद खरेल | |
| १० | ८ नं. वडा अध्यक्ष | श्री अजय कार्की | |
| ११ | ९ नं. वडा अध्यक्ष | श्री हरि प्रसाद चौलागाई | |
| १२ | १० नं. वडा अध्यक्ष | श्री दुर्योधन गुरुङ्ग | |
| १३ | कार्यपालिका सदस्य | श्री यमुना देवी आचार्य | |
| १४ | कार्यपालिका सदस्य | श्री तिला गौतम | |
| १५ | कार्यपालिका सदस्य | श्री निर्मला देवी सुनार | |
| १६ | कार्यपालिका सदस्य | श्री लक्षिमा खतिवडा | |
| १७ | कार्यपालिका सदस्य | श्री संगिता सिवा | |
| १८ | कार्यपालिका सदस्य | श्री जगतबन्धु राजबंशी | |
| १९ | कार्यपालिका सदस्य | श्री सिता ढुङ्गाना वि.क. | |
| २० | कार्यपालिका सदस्य | श्री शर्मिला राजवंशी | |
| २१ | सदस्य सचिव | श्री विनोद कुमार न्यौपाने | |

CamScanner

१) **निर्णय नं १-** बिर्तामोड नगर क्षेत्रिभत्र सरकारी, अर्धसरकारी, संस्थान तथा निजी घर/ भवनहरु निर्माण गर्दा अनिवार्य रुपमा नगरपालिकाबाट ईजाजत लिई नक्सा पास गरेर मात्र निर्माण कार्य गर्न गराउन कार्यालयलाई निर्देश गर्ने । साथै यसअघि घर/भवन निर्माणका लागि ईजाजत नलिएका नक्सापास नभई बनेका सम्पूर्ण सरकारी, अर्धसरकारी, संस्थान तथा निजी घर तथा भवनहरुको नक्शा पास गर्ने सम्बन्धमा उक्त घर/भवनहरुको अभिलेखिकरण कार्य २०७९ चैत्र मसान्त भित्र सम्पन्न गरि लगत तयार गर्ने र तत् पश्चात् भवन निर्माण इजाजत नलिई निर्माण सम्पन्न भई सकेका कुनै पनि घर/भवनहरुको अभिलेखिकरण कार्य नगर्ने साथै त्यस प्रकारका भवनहरुमा व्यवसायिक कारोबारको अनुमति नदिने र यस विषयमा सम्बन्धित वडा कार्यालयहरुले प्रचार प्रसार तथा सूचना सम्प्रेषण गरि नियमित अनुगमन गर्ने निर्णय गरियो ।

२) **निर्णय नं २ -** मिति २०७९ साल भाद्र ३१ गते जिल्ला प्रशासन कार्यालय झापाको सहजीकरण तथा बिर्तामोड नगरपालिकाको आयोजनामा भएको कन्काई माई पूर्वका नगर/गाउँपालिकाहरुका प्रमुख/अध्यक्ष, उपप्रमुख/उपाध्यक्ष, प्रमुख प्रशासकिय अधिकृत र सरोकारवालाका प्रतिनिधिहरुको बैठकले माछा, मासु, तरकारी र फलफुल जस्ता खाद्य पदार्थहरुको गुणस्तर र स्वच्छता सम्बन्धि गरेका निम्न अनुसार निर्णयहरुलाई पारित गर्ने निर्णय गरियो ।

क) नगरक्षेत्रभित्र उत्पादन भएका र अन्य क्षेत्रहरुबाट नगरभित्र आएका सम्पूर्ण खाद्यान्नहरुको गुणस्तर, स्वच्छता, अखाद्य बस्तुहरुको मिसावट र नक्कली उत्पादन जस्ता विषयमा सघन रुपमा बजारको अनुगमन गर्ने र सर्वसाधरणलाई यस विषयमा सुसूचित गर्ने विषयमा कार्ययोजना बनाई लागु गर्ने ।

ख) माछा, मासु, तरकारी र खाद्यान्न बस्तुहरुको बिक्रि वितरणको नियमित अनुगमन गर्न कृषि वा पशुपंक्षी र मत्स्य विकास शाखाले नियमित अनुगमन गर्ने ।

CamScanner

ग) भारतबाट आउने अस्वस्थ्यकर मरेका माछाहरुको नगरपालिका क्षेत्रभित्र बिक्रि वितरण गर्न मिति २०७९ साल कार्तिक १ गतेबाट पूर्ण रोक लगाउने । तत् पश्चात् यस प्रकारको बिक्री वितरण गरेको पाईएमा उक्त माछाहरु नष्ट गर्ने तथा सामाग्री जफत गरी व्यवसाय बन्द गर्न लगाउने निर्णय गरियो ।

घ) कृषिजन्य उत्पादनहरुमा विषादीहरुको मापनका लागि तरकारी तथा फलफुलहरुको विषादिको नियमित परीक्षणको व्यवस्था गर्ने र नगरक्षेत्रभित्र उत्पादन हुने तरकारी तथा खाद्यान्न बालीहरुमा विषादी न्यूनीकरण गर्ने कार्यक्रमहरु संचालन गर्ने ।

ङ) बिर्तामोड ५ स्थित कृषिथोक बजार बजारमा प्रवेश गर्ने सम्पूर्ण तरकारी तथा फलफुलहरुको विषादी परीक्षण गर्ने हालको व्यवस्थालाई थप प्रभावकारी बनाई मिति २०७९ साल पौष १ गतेबाट विषादी परिक्षण पश्चात् मात्र थोक बजार भित्र प्रवेश गर्न दिने र न्यूनतम मापदण्ड भन्दा बढी विषादी देखिएका तरकारी तथा फलफुलहरुलाई पूर्ण रुपमा नष्ट गर्ने ।

३) **निर्णय नं ३** - भू उपयोग ऐन २०७६ तथा भू उपयोग नियमावली २०७९ अनुसार बिर्तामोड नगरपालिका क्षेत्रभित्रका जग्गा वर्गीकरणका लागि फिल्ड स्तरमै गई जग्गाको हालको सबै कित्ता नम्बरहरु अध्यावधि गरि स्थलरुप नक्शा तयार गर्ने तथा जग्गा वर्गीकरणका मापदण्ड बमोजिम जग्गा वर्गीकरणका लागि सिफारिस गर्न कार्यालयको मौजुदा जनशक्तिबाट मात्र सम्भव नहुने देखिएकाले सो कार्यका लागि कार्यालयले बाहय परामर्शदाताबाट सेवा खरिद गर्ने सम्बन्धमा गरेको प्रक्रियालाई अनुमोदन गरि कार्यान्वयन गर्ने निर्णय गरियो ।

**४) विविध**

**क)** मिति २०७९ भाद्र १० गते भएको कार्यापालिका बैठकको निर्णयानुसार नगरपालिकाको स्वामित्वमा रहेको हेभी इक्विपमेन्ट सवारी साधनहरु लिलामी प्रक्रिया अघि बढाउने सम्बन्धी कार्य गर्न देहाय बमोजिमको मूल्याङ्कन सिफारिस समिति गठन गर्ने निर्णय गरियो ।

**<u>देहाय</u>**

संयोजक- नगर उप प्रमुख श्री नगेन्द्र प्रसाद संग्रौला

सदस्य- ६ नं वडा अध्यक्ष श्री सुर्य प्रसाद कन्दङ्वा

सदस्य- लेखा अधिकृत श्री तेजिन्द्र तामाङ

सदस्य- मेकानिकल ईञ्जिनियर, यातायात व्यवस्था कार्यालय मेची बिर्तामोड, झापा ।

सदस्य सचिव- अधिकृत छैठौं श्री मेघराज बास्तोला

**ख)** "घ" श्रेणीको निर्माण इजाजत स्वीकृतका लागि नियमानुसार प्रक्रिया पुगी आएका देहायका फर्महरुलाई निर्माण सम्बन्धी कार्य गर्न ईजाजत स्वीकृत दिने निर्णय गरियो ।

**देहाय**

१. निहारिका कन्ट्रक्सन एण्ड बिल्डर्स बि.न.पा ३ झापा ।
२. जि.आर.जि. कन्ट्रक्सन प्रा.लि. बि.न.पा ३ झापा ।
३. हकालबन्धु निर्माण सेवा बि.न.पा ४ झापा
४. पार्खा कन्ट्रक्सन प्रा.लि. बि.न.पा. ५ झापा ।

**ग)** गरामनि बजारमा रहेको दुर्गा मन्दिरको स्वामित्वमा रहेको व्यवसायिक सटरहरुको भाडा दरको पुनरावलोकन गर्न तथा गरामनिमा रहेको साझा संस्थाको जग्गा तथा भवनको उपयोग तथा व्यवस्थापन गर्ने सम्बन्धी विषयमा अध्ययन गरि आगामी कार्यपालिकाको बैठकमा प्रतिवेदन पेश गर्न देहाय बमोजिमको कार्यदल गठन गर्ने निर्णय गरियो ।

**देहाय**

संयोजक- नगर उप प्रमुख श्री नगेन्द्र प्रसाद संग्रौला

सदस्य - ८ नं वडा का वडा अध्यक्ष श्री अजय कार्की

सदस्य - ९ नं वडाका वडा अध्यक्ष श्री हरि प्रसाद चौलागाई

**घ)** वडा नं ५ को बुधबारे हटियाभित्र नव निर्मित भवनमा आधारभूत स्वास्थ्य केन्द्र स्थानान्तरण गरि स्वास्थ्य सेवा प्रवाह गर्नुपर्ने भएकोमा हाल उक्त नव निर्मित स्वास्थ्य संस्थाको भवनको आसपासको क्षेत्रमा पशु तथा पंक्षी पालन तथा बध गरि बिक्री वितरण गरिरहेको पाईएकाले उक्त क्रियाकलापमा पूर्णत रोक लगाई स्वास्थ्य संस्थाको आसपासको क्षेत्र सफा र स्वच्छ र प्रदूषण रहित बनाउन सम्बन्धित वडाले नगरपालिकाको समन्वयमा आवश्यक कार्य अघि बढाउने ।

CamScanner